बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
सामाजिक विकास कार्यालय
हेटौडा, नेपाल
फोन नं. ०५७-४१२७१६

प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशित मिति: २/०८/११ गते)

चालु आ.व. २०८३/०८४ मा यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा **"स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३"** बमोजिम तपसिलमा उल्लेख गरिए अनुसारको कागजातहरू सहित बालविकास केन्द्र स्तरोन्नति सम्बन्धी योजना र कार्यविधिको **अनुसूची-२** को ढाँचामा आवेदन यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८३ मंसिर २५ गतेसम्म) कार्यालय समयभित्र यस सामाजिक विकास कार्यालय, हेटौंडा, नेपालमा पेश गर्न मकवानपुर, चितवन र सिन्धुली जिल्ला भित्रका इच्छुक सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रमको नाम	क. प्रस्ताव पेश गर्ने विद्यालयहरूले पुरा गर्नु पर्ने शर्तहरू:-
स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम	१. प्रारम्भिक बाल विकास केन्द्रको उमेर समुहका कम्तिमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको, २. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरे अनुरूप न्यूनतम सुविधा भएको छुट्टै भवन वा छुट्टै कक्षाकोठा भएको, ३. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये **अनुसूची-१** मा उल्लेख भएका क्षेत्रहरूमा खर्च गर्न लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको स्थानीय तहले गरेको प्रतिवद्धता सहितको सिफारिस पत्र, ४. सहकार्यका लागि कार्यालयबाट रू. ५ लाख उपलब्ध हुने अनुदान रकमबाट ल्यापटप, सिसिटिभि खरिद गर्न, तलव भत्ता, शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जरगा खरिद शीर्षकमा खर्च पाइने छैन । ५. प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा यो कार्यक्रम परेका विद्यालयले आवेदन दिन पाइने छैन।
	ख. प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरू:-
	१. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये **अनुसूची-१** मा उल्लेख भएका क्षेत्रहरूमा खर्च गर्न लागत साझेदारी गर्न सक्ने रकम उल्लेख भएको स्थानीय तहले गरेको प्रतिवद्धता सहितको सिफारिस पत्र, २. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि, ३. हाल कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम प्राप्त प्रमाणपत्र प्रतिलिपि, हाल कार्यरत आयाको नियुक्ती पत्र ४. बालविकास केन्द्रमा भर्ना भई अध्ययनरत बालबालिकाहरूको नामनामेसी सहितको **IEMIS** विवरण स्थानीय तहबाट प्रमाणित, ५. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको गठन मिति खुलेको स्थानीय तहको सिफारिसपत्र, ६. प्रस्तावित बजेटको कार्यान्वयन योजना, ७. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात, ८. बालविकास केन्द्रको स्थिति झल्कने तस्बिरहरू ९. अनुसूची-२ बमोजिमको प्रस्ताव।
स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरू पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।	

नोट: उल्लिखित "स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८३" यस सामाजिक विकास कार्यालय, मकवानपुरको वेबसाइट **sdohetauda.bagamati.gov.np** मा हेर्न तथा यस कार्यालयको मोबाइल नं. ९८४५१०२९९७ मा सम्पर्क राख्न सकिनेछ ।

कार्यालय प्रमुख

Phone: 057- 412716, 057-412724 , Email: osdhetauda@gmail.com

सुर्य बहादुर दहाल
कार्यालय प्रमुख